महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## दोधारा चाँदनी नगरपालिका

कञ्चनपुर





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दोधारा चाँदनी नगरपालिका

कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## दोधारा चाँदनी नगरपालिका

कञ्चनपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ४९९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
दोधारा चादँनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले दोधारा चादँनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड १२ लाख ७३ हजार बेरुजु देखिएको छ। सोमध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३२ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु. ४९ लाख २९ हजार र पेश्की रू. १ करोड २८ लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. २१ करोड ४३ लाख १९ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्योट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २३ करोड ४४ लाख ५० हजार रहेको छ ।नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं।त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

दोधारा चादँनी नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७७ | १५० | २१२७३ | ० | ० | ० | ७७ | १५० | २१२७३ | १७४ | ४९२९ | ३२९९ | ० | ० | ८२२८ | १२८६९ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोधारा चादँनी नगरपालिका, कञ्चनपुर | २१४३१९ | ० | ११४२ | २१३१७७ | ० | २१२७३ | २३४४५० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : दोधारा चाँदनी नगरपालिका, कंचनपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Datt Mishra | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yagya Raj Lekhak | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २१,२७३,२३०.३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८,३५,६३,४३५.३३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,९६,२४,४१८ | **चालु खर्च** | २८,८२,५३,३५२.९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८३,२७,८८७ | **पूँजीगत खर्च** | १४,१२,३७,७३२.३ |
| **राजश्व बाँडफाँट** | ९,०९,९५,२२९.८३ | **वित्तीय/अन्य व्यवस्था** | २३,००,४६,७२९.६९ |
| **आन्तरिक आय** | १,८६,३२,९९४.१३ | | |
| **अन्य आय** | १९,४५,८३,९२२.६ | | |
| **कुल आय** | ६८,२१,६४,४५१.५६ | **कुल खर्च** | ६५,९५,३७,८१४.८९ |
| **बाँकी मौज्दात** | | १०,६१,९०,०७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा,५६.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९२५३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण परीक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.154123497।० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. 20766785।० समेत गरी रु.१७४८९०२८२।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१२७०१२६६.०, यस वर्षको प्राप्ति रु.५३७८८४९१.८ र यस वर्षको भुक्तानी रु.४१०८७२२५.७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९६२६४७०१.३३ | ४५३४८५६७७.८ | ४४३५६०३०७.१४ | १०६१९००७१.९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>८३५६३४३५.३३</td><td>५०७२७४१६९.६</td><td>४८४६४७५३२.९</td><td>१०६१९००७१.९९</td></tr>
<tr><td>फरक</td><td>१२७०१२६६.</td><td>-५३७८८४९१.८</td><td>-४१०८७२२५.७६</td><td>०.</td></tr>
</table>
उपरोक्त सम्बन्धमा गत वर्षको जिम्मेवारीमा प्रकोप व्यवस्थापन कोषमा यस वर्षको वापतको रकम रु.५५२०५३९।०, कर्मचारी कल्याणकारी कोषमा रु.१५०००००।०, महिला तथा वाल विकास कोषमा रु.५००००।० र विविध खर्च खातामा रु.५६३०४२७।० समेत रु.१२७००९६६।० मलेप फाराम २७२ मा यस वर्षको आम्दानीलाई गत वर्षको जिम्मेवारी सारेको रकममा जोडीएकोले फरक परेको प्रतिक्रिया प्राप्त भएको छ । त्यस्तै यस वर्षको प्राप्तिमा पालिकाले तयार गरेको आर्थिक अनुदान फिर्ता वापतको रकम रु.४१०८७२२५.७६ र गत वर्षको जिम्मेवारी फरक परेको रकम रु.१२७००९६६।० समेत रु.५३७८८४९१.८ पालिकाले तयार गरेको एकिकृत विवरणमा फरक परेको प्रतिक्रया दिनको छ । फरक परेको रकम सम्बन्धमा एकिन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८२१३५६६०।० मौज्दात रहेकोमा यो वर्ष रु. ८३५६३४३५.३३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४२७७७५।३३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>१</td><td>संचित कोष खाता</td><td>75144065.90</td><td>20587314.31</td><td>५४५५६७५१.५९</td></tr><tr><td>२</td><td>चालु खर्च खाता</td><td>०.०</td><td>५८९३४८३५.८५</td><td>-५८९३४८३५.८५</td></tr><tr><td>३</td><td>पूँजीगत खर्च खाता</td><td>०.०</td><td>४०९४७८७९.४७</td><td>-४०९४७८७९.४७</td></tr><tr><td>४</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>७३०१६१२</td><td>७३०१६१२</td><td>०.</td></tr><tr><td>५</td><td>विविध खर्च खाता</td><td>४३४६६६७</td><td>४३९६६६७</td><td>-५००००.</td></tr><tr><td>६</td><td>कर्मचारी कल्याणकोष खाता</td><td>६७०१४४।८३</td><td>६६५०१४४।८३</td><td>-५९८००००.</td></tr><tr><td>७</td><td>विभाज्य कोष खाता</td><td>0.00</td><td>0.00</td><td>०.</td></tr><tr><td>८</td><td>आन्तरिक राजश्व खाता</td><td>0.00</td><td>0.00</td><td>०.</td></tr><tr><td></td><td></td><td>८७४६२४८९।७३</td><td>१३८८१८४५३।५</td><td>-५१३५५९६३.७३</td></tr></table><br>पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **बेरुजु लगतः-** महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंट लागि आबश्यक म. ले. प. फा. नं. हरु प्रयोगमा नल्याएकोले प्रयोगमा ल्याउनु पर्दछ । | |
| ४.३ | | | **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु.१९९४८३५।० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएका सबै पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन । | |
| ४.४ | | | **भ्रमण प्रतिवेदनः** भ्रमण खर्च नियमावलि,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेकोछ।कार्यालयले आ.व.२०७८/७९ मा भ्रमण खर्च वापत रु.१९२५६७५।० भुक्तानि गरेको पाईयो । कार्यालयले विभिन्न समयमा पदाधिकारी र कर्मचारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न रहेकाले नियमावलिको व्यवस्था अनुसार गर्न विषेश ध्यान पुर्याउनुपर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री कमलादेवी कार्कीले मिति २०७८।३।९ गते रु.५५ करोड ९३ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.३ | | | **रकमान्तर -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू.४९ लाख ८६ हजार अर्थात कुल बजेट रू.५५ करोड ९३ लाख ६० हजारको ०.९ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । तर यसरी गरेको रकमान्तर रकम पालिकाले सुत्रमा प्रविष्टि नै नगरी पुरानै योजनाको नाममा रकम खर्च गरेको छ । रकमान्तर गरेको योजनाहरु सुत्रमा प्रविष्ट गरेर मात्र खर्च लेखाङ्कन गर्नुपर्दछ । नगरपालिकाको बिनियोजन ऐनमा व्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५.४ | | | **अवण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बमोजिम स्थानीय तहले आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारर तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय/व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष कार्यापालिकाको निर्णयअनुसार भैपरी आउने चालु शिर्षकमा रु.२००००००।० बजेट विनियोजन गरी विभिन्न मितिको निर्णयानुसार रु. १७३४७३८।० खर्च गरेको छ । बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.५ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा) | |

| क्र.सं. | बजेट उपशीर्षक | बजेटरखर्च | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | चालु खर्च तर्फ | ३४९६२७ | २८८२५३ | १२४६६० | ६७०६४ | १९०९७५ | ७५७५३ | १०१३७२ | १४५४३६ |
| २ | पुँजीगत खर्चतर्फ | २०९७३२ | १४१२३७ | ५२८२८ | ८०४६ | ७१५७८ | ३६१७७ | ५८४८१ | ९७०१४ |
| | जम्मा | ५५९३५९ | ४२९४९० | १७७४८८ | ७५११० | २६२५५३ | १११९३० | १५९८५३ | २४२४५० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.४२ करोड ९४ लाख ९० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.७ करोड ५१ लाख १० हजार अर्थात १७.४९ प्रतिशत, दोस्रो चौमासिकमा रु.११ करोड १९ लाख ३० हजार अर्थात २६.०६ प्रतिशत र तेस्रो चौमासिकमा रु. २४ करोड २४ लाख ५० हजार अर्थात ५६.४५ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.१२ करोड ४ लाख ८६ हजार अर्थात २८.०५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियमामा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>६१४९८</td><td>३५०५१</td><td>८.१६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>११८९११</td><td>७८५३८</td><td>१८.२९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४२५२६</td><td>२०३६७६</td><td>४७.४२</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td></td><td></td><td>०.०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१९८५३</td><td>१२८२८</td><td>२.९९</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>११६५७२</td><td>९९३९६</td><td>२३.१४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५५९३६०</td><td>४२९४९१</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४७.४२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.९९ र वातावरण तथा विकासमा शुन्य प्रतिशत खर्च गरेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>गत वर्षको दायित्व- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ भित्र भुक्तानी बाँकी विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा विभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१५४४२९३।० भुक्तानी बाँकी रहेको विवरण राखि कच्चावारी तयार गरेको आधारमा कार्यापालिकाको निर्णायानुसार यस वर्षको बजेटमा गत वर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । यस्तै यो आर्थिक वर्षमा पनि रु.१९९८६७०२।० भुक्तानी बाँकी रहेको विवरण पेश गरेको छ । वार्षिक वजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुवर्षिय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी काम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.८ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१करोड ८६ लाख ३३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.४६ करोड ८९ लाख ४७ हजार समेत रु.४८ करोड ७५ लाख ८० हजार आम्दानी भएकोमा चालु तर्फ रु.२८ करोड ८२ लाख ५३ हजार र पूँजिगत तर्फ रु.१४ करोड १२ लाख ३८ हजार समेत रु.४२ करोड ९४ लाख ९१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ६ लाख ७ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५६.९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.११ प्रतिशत चालु र ३२.८९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | **दरबन्दी पदपूर्ती –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थीय तहको कार्यबोज, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वक्षेणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकिय अधिकृत सहित ८४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ५९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानियका प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशाक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर नगरपालिकाले विभिन्न पदमा ८७ जना कर्मचारीहरु करारमा राखि रु. २६८६३८६२।० खर्च लेखेको छ । कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानुन बमोजिम मात्र पदपुर्ति गरेर खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६.३ | | | **कर्मचरी कल्याणकारी कोष–** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलब बाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रु.१५ लाख ट्रान्फर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले अनुदान रकम सोझै कर्मचारी कल्याणकारी कोषमा ट्रान्सफर गर्ने भन्दा कानून निर्माण गरी योगदानमा आधारित रहि कोषमा रकम जम्मा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक आय रु. 18632994.13 रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१६७६८१८।० खर्च गरेको पाईयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ ।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ८३ जननालाई रु.१,०००/- देखि रु.२०,०००/- सम्म कुल रु.१००००००।० आर्थिक सहायता वितरण गरेको छ । त्यस्तै वडा तर्फबाट पनि गैरवित्तीय संस्थाहरुलाई चालु सहायता कार्यक्रममा रु.४८२०३८।० र औषधि उपचार खर्चमा रु.३३५०००।० खर्च गरेको विवरण प्राप्त भएको छ । जस अनुसार आर्थिक सहायतामा रु.१८१७०३८।० बजेट खर्च भएको देखिन्छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१८६३२९९४।१३ को ९.७५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कोरोना कोष**<br><br>आर्थिक वर्षभरिमा पालिकाको कोरोना कोषमा जम्मा रु. 8071175 रहेकोमा रु. २८१५७०१ खर्च गरी रु. ६२९३७१९ बाँकी रहेको छ ।कोभिड कोषको आयव्यय निम्नानुसार छ :- | |

| आम्दानी स्रोत | रकम रु. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|
| गत बर्षको बाँकी | 4771175 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै बजेटवाट | 3300000 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषवाट | | औषधी एवं स्वास्थ्यउपकरण खरिद | 1675879 |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | 0 |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | 74700 |
| | | जोखिम भत्ता | |
| | | अन्य खर्च | 26877 |
| | | बाँकी | 6293719 |
| **जम्मा** | **8071175** | **जम्मा** | **8071175** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **बेमौसमी वर्षाको क्षतिपूर्ति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवाली क्षतिको राहत स्वरुप पालिकालाइ प्राप्त भएको रु.६२३५०४।६३ सम्पूर्ण रकम तोकिएका लाभग्राहीहरुलाई वितरण गरेको छ । | |
| ११ | | | **निजी विद्यालय व्यवस्थापनः**<br><br>यस पालिकामा २० वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| १२ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्ने रु. | १२,८६९,४१८.३ |

| क्रसं | विवरण | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| | कर्मचारी | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु संचालन | हे.अ. श्री जय बहादुर महरा | ० | ५०००००.० |
| २ | जीवन जनज्योति कृष सहकारीलाई बेमौसमी तरकारी खेति तालिम | सहायक श्री कमलापति भट्ट | ० | ५००००.० |
| ३ | किसान सूचीकरण कार्यक्रम | पशु चिकित्सक श्री नन्दराज भट्ट | ० | ३१३०००.० |
| | ठेकेदार | | | |
| १ | अतिथि गृह निर्माण | सुमन कन्ष्ट्रक्सन | ३२२०००.० | ० |
| २ | भ्युटावर निर्माण निरन्तर | सुमन कन्ष्ट्रक्सन | ७४५४००.० | ० |
| | संस्थागत | | | |
| १ | भानु बहुमसखी क्याम्पसमा अध्यायनरत दलित विद्यार्थिलाई छात्रवृत्ती | भानु बहुमुखी क्याम्पस | ० | ३०००००.० |
| २ | भानु बहुमुखी शैक्षिक अनुदान | भानु बहुमुखी क्याम्पस | ० | ३०००००.० |
| ३ | पोल खरिद तथा भोल्टेज सुधार | नेपाल विद्युत प्राधिकरण | ० | ९७२१७.० |
| ४ | गत आ.व.को भुक्तानी बाँकी | नेपाल विद्युत प्राधिकरण | ० | ८९०४४.३ |
| | अन्तरनिकाय | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | श्री अम्बिका मा.वि. ४ कोठे भवन निर्माण | अम्विका माध्यमिक विद्यालय | ० | ३६००००००.० |
| २ | श्री मालिका आ.वि. २ कोठे भवन निर्माण | मालिका आ.वि. | ० | ७४०१५७.० |
| ३ | श्री सृजना आ.वि. २ कोठे भवन निर्माण | सृजना आ.वि. | ० | १८०००००.० |
| ४ | श्री पूर्णागिरि आ.वि. २ कोठे भवन निर्माण | पूर्णागिरी आ.वि. | ० | १८०००००.० |
| | व्यक्तगत | | | |
| १ | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | विमला देवी विष्ट | ० | १००००.० |
| २ | सुरक्षित नागरिक आवास कार्यक्रम | एमे वड | ० | ३००००.० |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम | चन्द्रकला देवी सुनार | ० | ३००००.० |
| ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | तिलसी सुनार | ० | ३००००.० |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम | दिपक खड्का | ० | ३००००.० |
| ६ | सुरक्षित नागरिक आवास कार्यक्रम | धुमकला देवी सुनार | ० | ३००००.० |
| ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | भानु पोखरेल | ० | ३००००.० |
| ८ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनु दमाइ | ० | ३००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनिका सुनार | ० | ३००००.० | |
| | | | १० | सुरक्षित नागरिक आवास कार्यक्रम | रंगा दमाइ | ० | ३००००.० | |
| | | | ११ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी सिंह | ० | ३००००.० | |
| | | | १२ | सुरक्षित नागरिक आवास कार्यक्रम | लिला सुनार | ० | ३००००.० | |
| | | | १३ | सुरक्षित नागरिक आवास कार्यक्रम | सन्तोषी सुनार | ० | ३००००.० | |
| | | | १४ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुमित्रा कुमारी वि.क. | ० | ३००००.० | |
| | | | १५ | सुरक्षित नागरिक आवास कार्यक्रम | साउनी सुनार | ० | ३००००.० | |
| | | | १६ | सुरक्षित नागरिक आवास कार्यक्रम | हिमा सुनार | ० | ३००००.० | |
| | | | १७ | सुरक्षित नागरिक आवास कार्यक्रम | अमर बहादुर भण्डारी | ० | ३००००.० | |
| | | | १८ | सुरक्षित नागरिक आवास कार्यक्रम | डम्बर बहादुर भण्डारी | ० | ३००००.० | |
| | | | १९ | सुरक्षित नागरिक आवास कार्यक्रम | दिलु कुमारी पुरी | ० | ३००००.० | |
| | | | २० | सुरक्षित नागरिक आवास कार्यक्रम | धर्मा रावत | ० | ३००००.० | |
| | | | २१ | सुरक्षित नागरिक आवास कार्यक्रम | मिना परियार दमाइ | ० | ३००००.० | |
| | | | २२ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी वस्नेत | ० | ३००००.० | |
| | | | २३ | सुरक्षित नागरिक आवास कार्यक्रम | शेर बहादुर बुढा | ० | ३००००.० | |
| | | | २४ | सुरक्षित नागरिक आवास कार्यक्रम | नन्दा रावल | ० | ३००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २५ | सुरक्षित नागरिक आवास कार्यक्रम | अमृता शर्मा ओली | ० | ३००००.० | |
| | | | २६ | सुरक्षित नागरिक आवास कार्यक्रम | आरती सुनार | ० | ३००००.० | |
| | | | २७ | सुरक्षित नागरिक आवास कार्यक्रम | आशा सुनार | ० | ३००००.० | |
| | | | २८ | सुरक्षित नागरिक आवास कार्यक्रम | कमला शाही ठकुरी | ० | ३००००.० | |
| | | | २९ | सुरक्षित नागरिक आवास कार्यक्रम | कर्ण बहादुर विष्ट | ० | ३००००.० | |
| | | | ३० | सुरक्षित नागरिक आवास कार्यक्रम | करन बहादुर दमाई | ० | ३००००.० | |
| | | | ३१ | सुरक्षित नागरिक आवास कार्यक्रम | कृष्णा देवी थापा | ० | ३००००.० | |
| | | | ३२ | सुरक्षित नागरिक आवास कार्यक्रम | खडक बहादुर बुढाक्षेत्री | ० | ३००००.० | |
| | | | ३३ | सुरक्षित नागरिक आवास कार्यक्रम | गंगा बुढा | ० | ३००००.० | |
| | | | ३४ | सुरक्षित नागरिक आवास कार्यक्रम | गणेश बडुवाल | ० | ३००००.० | |
| | | | ३५ | सुरक्षित नागरिक आवास कार्यक्रम | गोल्मा सुनार | ० | ३००००.० | |
| | | | ३६ | सुरक्षित नागरिक आवास कार्यक्रम | चन्द्र सुनार | ० | ३००००.० | |
| | | | ३७ | सुरक्षित नागरिक आवास कार्यक्रम | दुर्पता शाही | ० | ३००००.० | |
| | | | ३८ | सुरक्षित नागरिक आवास कार्यक्रम | दीपा औजी | ० | ३००००.० | |
| | | | ३९ | सुरक्षित नागरिक आवास कार्यक्रम | दिलीप सुनार | ० | ३००००.० | |
| | | | ४० | सुरक्षित नागरिक आवास कार्यक्रम | धनसरा सुनार | ० | ३००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४१ | सुरक्षित नागरिक आवास कार्यक्रम | नन्दकला कठायत | ० | ३००००.० |
| ४२ | सुरक्षित नागरिक आवास कार्यक्रम | नन्दकली आर्जेल | ० | ३००००.० |
| ४३ | सुरक्षित नागरिक आवास कार्यक्रम | नाफि सिंह साउद | ० | ३००००.० |
| ४४ | सुरक्षित नागरिक आवास कार्यक्रम | पप्पु सुनार | ० | ३००००.० |
| ४५ | सुरक्षित नागरिक आवास कार्यक्रम | प्रेम बहादुर सुनार | ० | ३००००.० |
| ४६ | सुरक्षित नागरिक आवास कार्यक्रम | पुष्पा विष्ट | ० | ३००००.० |
| ४७ | सुरक्षित नागरिक आवास कार्यक्रम | बल बहादुर सुनार | ० | ३००००.० |
| ४८ | सुरक्षित नागरिक आवास कार्यक्रम | बाल कुमारी शाही | ० | ३००००.० |
| ४९ | सुरक्षित नागरिक आवास कार्यक्रम | विष्णु ओड | ० | ३००००.० |
| ५० | सुरक्षित नागरिक आवास कार्यक्रम | भिम राज चन्द | ० | ३००००.० |
| ५१ | सुरक्षित नागरिक आवास कार्यक्रम | रतना कुमारी ओली | ० | ३००००.० |
| ५२ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी देवी सुनार | ० | ३००००.० |
| ५३ | सुरक्षित नागरिक आवास कार्यक्रम | लालसरी देवी बडा क्षेत्री | ० | ३००००.० |
| ५४ | सुरक्षित नागरिक आवास कार्यक्रम | श्रीमति मीरा विष्ट | ० | ३००००.० |
| ५५ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुनिता औजी | ० | ३००००.० |
| ५६ | सुरक्षित नागरिक आवास कार्यक्रम | सीता ओली | ० | ३००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५७ | सुरक्षित नागरिक आवास कार्यक्रम | अम्बा दत्त भट्ट | ० | ३००००.० | |
| | | | ५८ | सुरक्षित नागरिक आवास कार्यक्रम | अमर बहादुर ठकुरी | ० | ३००००.० | |
| | | | ५९ | सुरक्षित नागरिक आवास कार्यक्रम | केशव दत्त जोशी | ० | ३००००.० | |
| | | | ६० | सुरक्षित नागरिक आवास कार्यक्रम | गोमती कुमारी महर | ० | ३००००.० | |
| | | | ६१ | सुरक्षित नागरिक आवास कार्यक्रम | चुफे दमाइ | ० | ३००००.० | |
| | | | ६२ | सुरक्षित नागरिक आवास कार्यक्रम | जडेनी सुनार्नी | ० | ३००००.० | |
| | | | ६३ | सुरक्षित नागरिक आवास कार्यक्रम | जानकी सार्की | ० | ३००००.० | |
| | | | ६४ | सुरक्षित नागरिक आवास कार्यक्रम | जीते लुहार | ० | ३००००.० | |
| | | | ६५ | सुरक्षित नागरिक आवास कार्यक्रम | डम्मर भट्ट | ० | ३००००.० | |
| | | | ६६ | सुरक्षित नागरिक आवास कार्यक्रम | देउमा लुहार | ० | ३००००.० | |
| | | | ६७ | सुरक्षित नागरिक आवास कार्यक्रम | देवराज चुनारा | ० | ३००००.० | |
| | | | ६८ | सुरक्षित नागरिक आवास कार्यक्रम | नविन सिंह धामी | ० | ३००००.० | |
| | | | ६९ | सुरक्षित नागरिक आवास कार्यक्रम | निर्मला भट्ट | ० | ३००००.० | |
| | | | ७० | सुरक्षित नागरिक आवास कार्यक्रम | पार्वती दमाइ | ० | ३००००.० | |
| | | | ७१ | सुरक्षित नागरिक आवास कार्यक्रम | बुदी सुनार | ० | ३००००.० | |
| | | | ७२ | सुरक्षित नागरिक आवास कार्यक्रम | बेलु साउद | ० | ३००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ७३ | सुरक्षित नागरिक आवास कार्यक्रम | विस्ना लोहार | ० | ३००००.० |
| ७४ | सुरक्षित नागरिक आवास कार्यक्रम | भुरी देवी दमाइ | ० | ३००००.० |
| ७५ | सुरक्षित नागरिक आवास कार्यक्रम | भीम बहादुर सार्की | ० | ३००००.० |
| ७६ | सुरक्षित नागरिक आवास कार्यक्रम | मंगली सार्की | ० | ३००००.० |
| ७७ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनमति लुहार | ० | ३००००.० |
| ७८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी देवी कामी | ० | ३००००.० |
| ७९ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी लुहार सुना २।१ | ० | ३००००.० |
| ८० | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी लुहार सुना १।१ | ० | ३००००.० |
| ८१ | सुरक्षित नागरिक आवास कार्यक्रम | श्रमति तारा देवी सुनार | ० | ३००००.० |
| ८२ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुना देवी भट्ट | ० | ३००००.० |
| ८३ | सुरक्षित नागरिक आवास कार्यक्रम | सरु सार्की | ० | ३००००.० |
| ८४ | सुरक्षित नागरिक आवास कार्यक्रम | सरया देवी सुनार | ० | ३००००.० |
| ८५ | सुरक्षित नागरिक आवास कार्यक्रम | हर्क दमाइ | ० | ३००००.० |
| ८६ | सुरक्षित नागरिक आवास कार्यक्रम | इन्दु देवी खड्का | ० | ३००००.० |
| ८७ | सुरक्षित नागरिक आवास कार्यक्रम | कल्पना भण्डारी | ० | ३००००.० |
| ८८ | सुरक्षित नागरिक आवास कार्यक्रम | जय बहादुर सुनार | ० | ३००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८९ | सुरक्षित नागरिक आवास कार्यक्रम | तुला देवी सुनार | ० | ३००००.० |
| ९० | सुरक्षित नागरिक आवास कार्यक्रम | तिल बहादुर सुनार | ० | ३००००.० |
| ९१ | सुरक्षित नागरिक आवास कार्यक्रम | दल बहादुर सुनार | ० | ३००००.० |
| ९२ | सुरक्षित नागरिक आवास कार्यक्रम | दिपा सुनार | ० | ३००००.० |
| ९३ | सुरक्षित नागरिक आवास कार्यक्रम | बुद्धिसरा जैसी | ० | ३००००.० |
| ९४ | सुरक्षित नागरिक आवास कार्यक्रम | भरदी देवी सुनार | ० | ३००००.० |
| ९५ | सुरक्षित नागरिक आवास कार्यक्रम | मनुकला कुमारी सुनार | ० | ३००००.० |
| ९६ | सुरक्षित नागरिक आवास कार्यक्रम | रवि सुनार | ० | ३००००.० |
| ९७ | सुरक्षित नागरिक आवास कार्यक्रम | शान्ती सुनार | ० | ३००००.० |
| ९८ | सुरक्षित नागरिक आवास कार्यक्रम | दुर्गा कमारी रावल | ० | ३००००.० |
| ९९ | सुरक्षित नागरिक आवास कार्यक्रम | सरु सार्की | ० | ३००००.० |
| १०० | सुरक्षित नागरिक आवास कार्यक्रम | खिम बहादुर सुनार | ० | ३००००.० |
| १०१ | सुरक्षित नागरिक आवास कार्यक्रम | गोपाल सुनार | ० | ३००००.० |
| १०२ | सुरक्षित नागरिक आवास कार्यक्रम | मञ्जु सुनार | ० | ३००००.० |
| १०३ | सुरक्षित नागरिक आवास कार्यक्रम | कृष्णा देवी लुहार | ० | ३००००.० |
| १०४ | सुरक्षित नागरिक आवास कार्यक्रम | पार्वती भण्डारी | ० | ३००००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०५</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>भानु जोशी</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td>१०६</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>रेखा नेपाली</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td>१०७</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>शंकर दत्त जोशी</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td>१०८</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>मिना सुनार</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td>१०९</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>गंगा लुहार</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td>११०</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>कमल बहादुर मगर</td><td>०</td><td>३००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०६७४००</td><td>१२८६९४१८.३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानुन निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>कानून निर्माणको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा १७ वटा कानुनहरु निर्माण गरेको र चालु आ.व.मा २ वटा कार्यविधि बनाएको विवरण प्राप्त भएको छ । पालिकाले आफ्नो क्षेत्र अधिकार भित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>न्याय सम्पादन अवस्था — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट बाकीं र बाही किनारा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ७५ गरी कुल ७९ विवाद दर्ता भएकोमा ७६ वटा फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १५ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १६ | | | **जिन्सी तथा सम्पत्ति संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका २६ किसिमका २४६ समान, २२ किसिमका १८४ सामाग्रीहरु जस्तै ल्यापटप, डेस्कटप, साईकल आदि लगायतका समान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो कार्यालय भवन र केहि वडा र स्वास्थ्य कार्यालयका भवन निर्माण गरी सञ्चालयन पनि गरेको छ तर उक्त भवनहरुको भोगाधिकार र लालपुर्जा लिएको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजानिक सम्पत्तिको विवरण अद्यावधिक गरी अतिक्रमण एवं दुरुपयोग हुन नदिई संरक्षण गर्नुपर्दछ । | |
| १७ | | | **औषधिको गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ४६,६०,०००.०० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| १८ | | | **दरबन्दीभन्दा बढी कर्मचारीः**<br><br>स्वास्थ्य सेवा ऐन,२०५३ को अनुसूचि २.१ अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैटौं तहका(हे.ई,क.न.),२ जना पाचौं तहका(हे.ई.) र २ जना चौथो तहका(हे.ई,क.न.) गरी जम्मा ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिष्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिम विभिन्न स्वास्थ्य चौकीमा दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता भुक्तानी गरेको छ ।<br><br>\| **क्र.सं.** \| **चादँनी स्वास्थ्य चौकी** \| | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>स्थायी दरबन्दी</td><td>स्थायी पदपुर्ति</td><td>स्थायी पदपुर्तिमध्ये बढी भएको</td><td>करार दरबन्दी</td><td>करार पदपुर्तिमध्ये बढी भएको</td><td>दरबन्दीभन्दा बढी भएको जम्मा</td><td>भुक्तानी रकम (पर्व भत्ता समेत)</td><td>कैफियत</td></tr>
<tr><td></td><td>६</td><td>६</td><td>-</td><td>२(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने)</td><td>२ जना</td><td>२ जना</td><td>७,८५,२००.००</td><td>करार पदपुर्तितर्फः २ जना अ.न.मि बढी भएको</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td>७,८५,२००.००</td><td></td></tr>
</table>
पालिकाले दरवन्दीभन्दा वढी कर्मचारीलाई सरुवा सहमती दिई हाजिर गराएको पाईयो ।जसले गर्दा कर्मचारीको तलव भत्ता भुक्तानीमा कठिन भएको, पटक पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो ।दरबन्दी भन्दा बढी कर्मचारी रहँदा धेरै कर्मचारी जिम्मेवारी विहिन भई पालिका र अन्तरगतका स्वास्थ्य सस्थामा बसेको पाइयो ।हिमाली र पहाडी जिल्लाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपुर्ति नहुदा सामान्य स्वास्थ्य उपचार सेवा उपलव्ध गराउन कठिन भएको अबस्थामा जिम्मेवार विहिन रहने गरी सरुवा सहमती दिई हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई आइन्दा यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने ।थप स्वास्थ्यकर्मी आबश्यक भए ओ एण्ड एम गरी सो अनुसार आबश्यक प्रकृया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दीभन्दा बढी कार्यरत कर्मचारीलाई अन्यत्र पठाउने व्यबस्था हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>शिक्षक दरबन्दी तथा पदपुर्तिः<br><br>शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालिस र हिमाली</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्षेत्रमा चालिस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |
| २० | | | **बिउ वितरण अनुदानः** पालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत उन्नत धानको विउ वितरणतर्फ ५० प्रतिशत अनुदान अन्तर्गत कृषक समुह मार्फत रु.१०,००,०००.००, आलुको क्षेत्र विस्तारतर्फ ५० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.२,५०,०००.०,च्याउको बिउ बितरणतर्फ २५० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१,००,०००.००, र मागमा आधारित कृषि कार्यक्रमतर्फ ५१७ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.५,००,०००.०० गरी कुल रु.१८,५०,०००.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । | |
| २१ | | | **अनुदानको अनुगमन र मूल्यांकनः** | |

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| २२ | १७९ | १७७ | ११ | ८,८३७ | १:५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदान वितरण गर्दा तोकिएको उद्धेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन नभएको:<br><br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>शिर्षक/कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>महाकालि आदर्श मा.वि.</td><td>आई.सि.टि. अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>२</td><td>अंबिका मा.वि.</td><td>विज्ञान प्रयोशाला अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>३</td><td>जनज्योती मा.वि.</td><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९,५०,०००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>विद्यालय कर्मचारी व्यवस्थापन अनुदानः</td><td>१९५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं १.१.४.१ को १.२ मा आधरभूत तथा माध्यमिक तह संचालन भएको प्रत्येक सामुदायिक विद्यालयमा एक जना विद्यालय सहयोगीका लागि मासिक रु. ८,०००.० का दरले १३ महिना बराबरको पारिश्रामिक अनुदान उपलब्ध गराउने व्यवस्था छ साथै अनुदान उपलब्ध गराउदा बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रामिक रु १५ हजार थप गर्नुपर्ने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने व्यवस्था उल्लेख छ ।पालिकाले भानु माध्यमिक विद्यालयमा कार्यान्वयन पुस्तिका अनुसार एक जना विद्यालय सहयोगीका लागि पारिश्रामिक भुक्तानी गर्नुपर्नेमा दुई जना विद्यालय सहयोगि राखी थप एक जना विद्यालय सहयोगीको लागि भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु. | |
| २४ | २११ | २०७९-३-२४ | **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमः**<br><br>एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन कार्यविधि,२०७८ को दफा १५(१) मा आवश्यकता अनुसार अभिभावक,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत अनुगमन तथा मूल्यांकन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम अन्तर्गत श्री भानु मा.वि.लाई अनुदान वापत रु ५,००,०००.० भुक्तानी गरेको पाईयो ।उक्त कार्यक्रमको प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयले ध्यान पुर्याउनुपर्दछ । | |
| २५ | | | **विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः** | |
| २५.१ | ११४ | २०७९-१-२२ | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा ९ देखि १२ मा अध्ययनरत ३ विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका ६८ जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.१६,३२,०००.०० भुक्तानी गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धि अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई गरिबी पहिचान फारम भर्न सूचना प्रवाह गर्ने तथा फारम वितरणका लागि विद्यालयलाई निर्देशन दिने सम्बन्धि व्यवस्था रहेको छ ।पालिकामा कुल २२ विद्यालयका कक्षा ९ देखि १२ सम्म २७१६ विद्यार्थी अध्ययनरत भएता पनि ३ विद्यालयका ६८ विद्यार्थीले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेको पाईयो ।पालिकाले समयमै सूचना प्रवाह गरी सम्पुर्ण विद्यालयका अधिकतम विपन्न तथा गरिब विद्यार्थीहरुको पहुँचमा पुऱ्याउन सबै सामुदायिक विद्यालयहरुलाई नियमानुसार गर्ने गरी निर्देशन दिनुपर्दछ । | |
| २६ | २४३ | २०७९-३-२५ | **बाख्रा पकेट कार्यक्रमः**<br><br>पालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत बाख्राको साना व्यवसायिक पकेट कार्यक्रम(निरन्तरता) बापत शिव बाख्रापालन पकेट समितिलाई रु.७,००,०००.०० भुक्तानी गरेको पाईयो ।सो कार्यक्रम अन्तर्गत समितिले रु.५,५०,०००.०० बराबरको ४४ वटा बाख्रा र २ वटा बोका खरिद गरेको पाईयो ।समितिले खरिद गरेको बाख्रा बोका निरोगि भएको प्राविधिकबाट जारी भएको प्रमाण संलग्न भएको पाइएन । | |
| २७ | | | **सेनिटरी प्याड गुणस्तर परीक्षणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०७८/७९ मा बि.जि. ग्रुप ट्रेड एण्ड सप्लायर्सबाट रु.१३,०६,१७९.४३(भ्याट सहित) बराबरको ५०,२५७ थान सेनिटरी प्याड खरिद गरेकोमा प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन । | |
| २८ | | | **क्याम्पसलाई अनुदानः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत र माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन,व्यवस्थापन,नियमन,अनुगमन लगायतका कार्य गर्ने व्यवस्था छ ।पालिकाले ऐनले तोकेको अधिकार क्षेत्रभन्दा बाहिर गएर | ६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिका भित्र संचालित श्री भानु बहुमुखि क्याम्पसलाई शैक्षिक अनुदान वापत रु.६,००,०००.०० उपलब्ध गराएको पाईयो ।अतः ऐनले तोकेको कार्यक्षेत्रभन्दा बाहिर रही क्याम्पसलाई प्रदान गरेको अनुदान रकम नियमसंगत मान्न नसकिएको रु.</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>राजश्व बाँडफाँडबाट शिक्षकलाई पारिश्रामिकः<br><br>अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका २२ वटा विद्यालयका ३८ शिक्षकहरुलाई चाँडपर्व खर्च सहित तलब भत्ता बापत रु.३०,७२,७४८.०० भुक्तानी गरेको छ।पालिकाले राजश्व बाँडफाँडबाट निजी श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता नियमित नदेखिएको रु.</td><td>३,०७२,७४८</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका,२०७७(आठौं संस्करण) को बुँदा नं ७.१ मा खर्चको मापदण्ड लगायत कार्यक्रम गरे वापतको विभिन्न शिर्षकमा भत्ताको व्यवस्था गरेको छ ।लेखापरीक्षणको क्रममा कार्यालये देहाय बमोजिम अनुगमन भत्ता भनि भुक्तानि लेखेकोले उक्त भत्ता बारे कार्य संचालन निर्देशिकामा व्यवस्था नभएकोले नियमसंगत मान्न नसकिएको रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>सङ्ख्या</th><th>दर/दिन</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१२८/२०७९-०२-२०(स्वास्थ्य शसर्त)</td><td>औलो विरुद्ध विषादी छर्काउ कार्यक्रमको अनुगमन वापत</td><td>४ कर्मचारी</td><td>१०००/७ दिन</td><td>२८,०००.००</td><td>अनुगमन भत्ता वापत</td></tr>
</table></td><td>११८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१८६/२०७९-०३-०१(स्वास्थ्य शसर्त)</td><td>पोषण कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन</td><td>४ कर्मचारी</td><td>५००/५ दिन</td><td>१०,०००.००</td><td rowspan="2"></td></tr>
<tr><td>३</td><td>१९२/२०७९-०३-२२</td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यको अनुगमन</td><td>७ कर्मचारी</td><td>१२००/९ देखि १० दिन</td><td>८०,०००.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,१८,०००.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम-<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सडक नाला, तारबार, घेरपर्खाल, मोटर बाटो, ट्र्याक खोल्ने कार्य लगायतका १९ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १५६ जनालाई रोजगारी उपलव्ध गराई रु. ३०,९८,२५९ खर्च गरेको छ । लक्षित वर्गलाई न्यूनतम ६२ दिन देखि अधिकतम १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ३२ | | | **औषधि खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ४६,६०,०००.०० को औषधी सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपुर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३३ | | | **ईन्धन खर्च**<br><br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.१९५९७७१।० र पदाधिकारीका लागि रु.९९०७६८।० गरी कुल रु.२९५०५३९।० ईन्धन वापत खर्च भएको पाईयो ।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले इन्धन खर्च पदाधिकारी र कार्यालय प्रयोजनमा मात्र भएको भनी एकिन गर्न सकिएन । | |
| ३४ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २१६८ |
| मृत्युदर्ता | ४३३ |
| बसाईसराई दर्ता | ९० |
| विवाह दर्ता | ७४६ |
| सम्बन्धविच्छेद दर्ता | १५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | १।२ कि.मि. |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४ कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>८ कि.मि.</td></tr>
</table>
पञ्जिकरण बाहेकका सेवा प्रवाहको अवस्था सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।<br>त्यस्तै प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन नियमित आन्तरिक लेखापरीक्षण गराई आर्थिक त्रुटी एवं जालसाँजीका कारण आर्थिक कारोबारमा हुन सक्ने जोखिम न्यूनीकरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षणका लागि सार्वजनिक सम्पत्तीको अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **वडा अध्यक्ष डे नाइट खेलकुद वडा नं. २**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि खर्च रकमको विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्त कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकामा वडा अध्यक्ष डे-नाईट खेलकुद प्रतियोगिता वडा नं. २ मा सञ्चालन गरी रु.३५००००।० खर्च गरेको छ । त्यस्तै उक्त कार्यक्रममा सम्झौता गरी रकम भुक्तानी भएकोमा डोर हाजिरि रु.९९०००।०, खर्च सम्बन्धि विलका आधारमा रु.२५३७६०।० समेतको विजक पेश भएको छ । उक्त कार्यक्रमको लागि प्रस्तावना, कार्यक्रम, लागत अनुमान, प्रतिवेदन लगाएतका कागजात संलग्न नगरी रकम भुक्तानी भएको छ ।<br>साथै सोही कार्यक्रममा सहभागि हुनको लागि दर्ता शुल्क वापत वडा नं. ८को बजेटबाट रु.४००००।० भुक्तानी भएकोमा त्यसको विजक पेश भएको छैन । वडा नं. ५ को बजेटबाट प्रवेश शुल्क वापत रु.२४०००।० भुक्तानी भएको छ । वडा नं. ४ को बजेटबाट सरस्वति सामुदायिक सिकाइ केन्द्रलाई प्रवेश शुल्क वापत रु.२००००।० भुक्तानि भएकोमा खर्चको विजक पेश भएको छैन । पालिकाले यस्ता प्रकृतिका कार्यक्रममा खर्च नै नगर्ने गर्नै पर्ने अवस्था भएमा आवश्यक प्रमाण अभिलेख राखेर मात्र खर्च गर्नुपर्दछ । | |
| ३८ | २०३ | २०७८-८-२१ | **संस्कृति संरक्षण कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले संस्कृति संरक्षण कार्यक्रम अन्तर्गत घोडे जात्रा व्यवस्थापन कार्यक्रममा वडाको सिफारिस र साउण्ड सिस्टम भाडामा लिएको विलको आधारमा वि.एस.एल. टेन्ट हाउस सोलुसनलाई रु.६००००।० भुक्तानी गरेको छ । कुन अवधिमा प्रयोग भएको लगाएतका प्रमाण तथा भाडा सम्झौता समेत संलग्न नगरी विजकको आधारमा मात्र भुक्तानी दिएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु. | ६०,००० |
| ३९ | | | **वडाबाट विद्यालयलाई अनुदान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । पालिका अन्तर्गत २२ सामुदायिक विद्यालय सञ्चालन रहेकोमा पालिकाले शसर्त दरबन्दी बाहेकका ३८ निजि शिक्षकलाई प्रोत्साहनको लागि रु.३०७२४७८।० खर्च गरेको छ । त्यसको अतिरिक्त वडा तर्फको बजेटमा विद्यालयलाई शैक्षिक गुणस्तर सुधार, शैक्षिक स्तर उन्नति, जनशक्ति र आवश्यक अन्य खर्च लगाएतका कार्यक्रम राखि विद्यालयले पेश गरेको प्रस्तावनाका आधारमा देहायबमोजिमका विद्यालयलाई रु.१३४९२७५।० रकम निकासा गरेको छ । विद्यालयले पेश गरेको प्रस्तावनामा अधिकांश विद्यालयले निजी शिक्षक व्यवस्थापनमा तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| भौ.नं. | विद्यालय | वडा नं. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५४ | पूर्णा आ.वि./कालिका आ.वि. व्यवस्थापन | २ | टेवल कुर्सी खरिद | ७८४२२.० | |
| २२९ | | २ | २ थान साइकल खरिद | ३१०७५.० | |
| १६५,१६६, १७६ | लक्ष्मी मा.वि. | ७ | शैक्षिक भ्रमण | ५००००.० | |
| २२४ | अम्विका मा.वि. | ७,८,९,१० | शैक्षिक भ्रमण | ५५०००.० | |
| २०६ | लक्ष्मी मा.वि. | | सरस्वति मूर्ति स्थापना | २००००.० | |
| ३१० | पूर्ण आ.वि./ कालिका आ.वि. | | ५ थान साइकल खरिद | ४५२००.० | |
| ३९५ | शारदा मा.वि. | ४ | ६ जना विद्यार्थिलाई छात्रावृत्ती | ३००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४१३ | शारदा मा.वि. | ४ | शिक्षण सहजिकरण | २७००००.० | |
| ५२४ | गणेश आ.वि. र जमुना आ.वि. | | पोशाक खरिद वितरण | ६९३९३.० | |
| ६६३ | शंकर पार्वति मा.वि. | ३ | अतिरिक्त कक्षा संचालन | ६००००.० | |
| ६६३ | शंकर पार्वति मा.वि. | ३ | सामाग्री खरिद | ४००००.० | |
| ६८३ | गणेश आ.वि. | ३ | शिक्षक पारिश्रमिक र अन्य व्यवस्थापन | ४७०००.० | |
| ६८६ | ओमकार आ.वि. | १ | कक्षाकोठा मर्मत | १९३१८५.० | |
| ७०१ | भानु मा.वि. | ६ | शैक्षिक सुधार | २०००००.० | |
| ७१० | जमुना आ.वि. | | रंग र भित्ते लेखन | ६००००.० | |
| ७२१ | सारदा माध्यमिक विद्यालय | | शिक्षण सहजीकरण | १०००००.० | |
| | जम्मा | | | १३४९२७५.० | |

| | | | | |
|---|---|---|---|---|
| ४० | | | **दलितका लागि लोकसेवा तयारी कक्षा संचालन**<br><br>सरकारी कार्यालयले कुनै कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.७.१.१५ मा तोकिएको मापदण्डको पालना गरी खर्च गर्नुपर्दछ ।पालिकाले तीन दिने कर्मचारी तालिम कार्यक्रममा लागत अनुमान नै स्वीकृत नै नगरी लालीगुँरास सांस्कृतिक तथा पर्यटन विकास केन्द्र, बैतडी नेपालसँग कोटसन विधिबाट खरिद गरी संस्थाले पेश गरेको प्रस्तावनाका आधारमा रु.३४६९१०।० भुक्तानी गरेको छ । २०७८।१२।१७ देखि २०७९।१।१७ सम्म ४० जनालाई ३० | २१४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | घण्टा कक्षा संचालन गरेको उल्लेख छ । जसअनुसार निर्देशिकामा भएको व्यवस्था भन्दा देहायबमोजिम रु.२१४०००.० बढी व्यायभार परेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु. | |

| क्र.सं. | विवरण | जम्मा भुक्तानी रकम | प्रस्तावना अनुसार दर | निर्देशिका अनुसार दर | संख्या | जम्मा फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशिक्षण खर्च | १२००००.० | ६०००.० | १६००.० | २० सेशन | ८८०००.० | ३० घण्टामा जम्मा २० सेशसन हुने |
| २ | संयोजक | ४००००.० | २०००.० | ४००.० | दैनिक | ३२०००.० | |
| ३ | सहसंयोजक | २००००.० | १०००.० | १५०.० | २० सेसन | १७०००.० | सहयोगि भत्ता वापत |
| ४ | तालिम सामाग्री | २९०००.० | ७२५.० | ७५.० | १ पटक | २६०००.० | ७ कार्यदिन भन्दा बढी |
| ६ | तालिम उद्घाटन तथा समापन | ७०००.० | ७०००.० | २०००.० | एकमुष्ट | ५०००.० | |
| ७ | प्रतिवेदन | १००००.० | १००००.० | ३०००.० | १ पटक | ७०००.० | |
| ८ | अनुगमन | ३००००.० | ३००००.० | ० | एकमुष्ट | ३००००.० | अनुगमन सम्बन्धी व्यवस्था नभएको |
| ९ | मसलन्द | ११०००.० | ११०००.० | २०००.० | एकमुष्ट | ९०००.० | |
| | जम्मा | | | | | २१४०००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **कार्यक्रममा एकरुपता**<br><br>पालिकाले बजेट खर्च गर्दा एकरुपता कायम हुने गरी खर्च गर्नुपर्दछ । पालिकाले वडागत रुपमा बजेट विनियोजन गरी यस आर्थिक वर्ष सुत्केरी महिलालाई एम्बुलेन्स सेवा संचालनको लागि एम्बुलेन्स भाडा बापतको रकम भुक्तानी गर्ने गरेको छ तर पालिकाले निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय नगरी वडागत बजेटबाट कार्यक्रम गर्दा कुनै वडामा सामाजिक सेवा वापत सहुलियत प्राप्त हुने र कुनै वडामा प्राप्त नहुने देखिन्छ । पालिकाले सुत्केरी महिलालाई एम्बुलेन्स खर्च कार्यक्रम (वडा नं. ३) मा रु.४००००।०, सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा संचालन कार्यक्रम (वडा नं. ५) रु.४०६००।० र वडा नं. ६ मा रु.२६६००।० समेत रु.१०७२००।० खर्च गरेको छ । यसरी सामाजिक सेवा वापतको कार्यक्रम सञ्चालन गर्ने कार्यविधि तयार गरी पालिकाभरमा एकरुपता हुने गरी कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **सवारी नविकरणमा जरिवाना**<br><br>कार्यालयले आफ्नो मातहतमा रहेका जिन्सी सामाग्री, सवारी सधान लगाएतको लगत अध्यावधिक रुपमा राख्ने तथा नियमानुसार समयाबधि भित्रै विमा, नविकरण गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पालिका अन्तर्गतका १८ वटा सवारी साधनको विल बुक नविकरण गर्दा ढिलाई गरेको कारण रु.१०१००।० जरिवाना भुक्तानी गरेको छ । कार्यालयमा रहेको सवारी साधन नविकरणमा ढिलाई गर्ने कर्मचारीलाई जिम्मेवार बनाउँदै बढी व्यायभार परेको रकम नियमसम्मत मान्न नसकिएको रु. | १०,१०० |
| ४३ | | | **विविध कार्यक्रम सञ्चालन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसारकार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका देहायबमोजिमका कार्यक्रममा प्रस्तावना, कार्यक्रमको लागत अनुमान, सम्पन्न प्रतिवेदन लगाएतका प्रमाण कागजात संलग्न नगरी रु.४६००००।० रकम खर्च गरेको छ । प्रस्तावना, लागत अनुमान र सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उल्लेखित प्रमाण पेश हुनुपर्ने रु. | ४६०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>सञ्चालक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>४३१-१२।१४</td><td>वडा भित्र विभिन्न खेलकुद कार्यक्रम</td><td>इलेभन स्टार युवा क्लव</td><td>१६००००.०</td><td rowspan="2">प्रस्तावना, लागत अनुमान, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td>४४४-१२।२७</td><td>वडा अध्यक्ष तथा सदस्य डे नाइट क्रकेट प्रतियोगिता</td><td>वडा नं. ४</td><td>२०००००.०</td></tr>
<tr><td>५६३-२।१८</td><td>२ दिने सचेतना तालिम सञ्चालन</td><td>महेन्द्रनगर मिडिया नेटवर्क</td><td>१०००००.०</td><td>प्रस्तावना, लागत अनुमान, सम्झौता, सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४६००००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>छाडा पशु चौपाय व्यवस्थापन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा ३ ठाउँको लागि रु.१४९०८०३।० भुक्तानी गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ । उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँ संकलन हुने पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिई छाडा चौपाया पूर्णरुपमा व्यवस्थित भएको छ भन्ने अवस्थाका लागि अनुगमन गरी खर्चको सदुपयोग सम्बन्धमा आश्वस्तता दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यालय</th><th>वापत</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जिल्ला रेडक्रस शाखा</td><td>निशुल्क रक्तसंचार सेवा सञ्चालन</td><td>१००००००.०</td><td></td></tr>
<tr><td>२</td><td>इलाका प्रहरी कार्यालय</td><td>कार्यालय मसलन्द खर्च</td><td>५००००.०</td><td></td></tr>
<tr><td>३</td><td>नेपाल रेडक्रस सासाइटी उपशाखा दोधारा</td><td>मसलन्द र कार्यालय सामाग्री</td><td>८००००.०</td><td></td></tr>
<tr><td>४</td><td>झो.पु. प्रहरी चौकी</td><td>फर्निचर खरिद</td><td>९९८९२.०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td>११८</td><td>२०७८-७-१०</td><td>त्रिपाल खरिद<br><br>पालिकाले सामाग्री खरिद गर्दा तोकीएको प्रक्रिया पुरा गरि खरिद गर्ने र मापदण्ड अनुसार खर्च गर्ने तयार वितरण गर्नुपर्दछ । पालिकाले विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत ४० थान त्रिपाल खरिद गरे वापत वकुरानी व्रदर्शलाई रु.८९२७०।० भुक्तानी गरेको छ । त्रिपाल वितरण गरेको भर्पाइ संलग्न गरेको पाइएन भने उक्त त्रिपाल के कार्यक्रमको लाई कसलाई वितरण गर्ने सम्बन्धमा पनि पालिकामा केही विवरण रहेको नदेखिएकोले त्रिपाल वितरण गर्ने मापदण्ड तथा आधार सहित वितरण भर्पाइ पेश गर्नुपर्ने रु.</td><td>८९,२७०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>घर भाडा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.७२९१३२।० भुक्तानी गरेको पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ । | |
| ४८ | | | **धरौटि तर्फ-**<br><br>सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने अवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यअभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी वापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश नगरी धरौटी फिर्ता गरेको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डि एल पि अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. १८१७५२ फिर्ता दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु. | १८१,७५२ |

| क्र.सं. | गो.भौ/ मिति | धरौटी फिर्ता पाउने | ब्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| १ | ३/०७८/०६/१९ | कैलपाल निर्माण सेवा | मु.अ. करसमायोजन पत्र नभएको | ४३७५२ |
| २ | ५/०७८/६/२४ | गोदावरी मेडिसिन सप्लायर्स | मु.अ. करसमायोजन पत्र नभएको | १३८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — १८१७५२ | |
| ४९ | | | **निरीक्षण नभएको —**<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । साथै राजस्व आम्दानी गर्दा मलेप फारामहरुको समेत प्रयोग गरेको पाइएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१,८६,३२,९९४ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षणको समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । | |
| ५० | | | **कर तथा शुल्क असुली -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 1300000 | 541022.45 | ४१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>घरजग्गा वहाल कर</td><td>30000</td><td>388002.11</td><td>१२</td></tr>
<tr><td>व्यवसाय कर</td><td>500000</td><td>625821</td><td>१२५</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>100000</td><td>218749</td><td>२१८</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
रसिदको अभिलेख -
कार्यालयको राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यबस्था छ । वडागत रुपमा रु. १,८६,३२,९९४ राजस्व संकलन भएको देखिन्छ । कार्यालयले समय-समयमा वडा कार्यालयहरुमा अनुगमन निरीक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थ रुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था रहेन । यसमा तत्काल सुधार हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
भ्यू टावर निर्माणः
पालिकाको वडा नं ४ मा भ्यू टावर निर्माण गर्नका लागि गत वर्ष डिपिआर गरी यस वर्ष सुमन कन्सट्रक्सन कंचनपुर संग मु अ कर समेत रु ४२८३८७७। मा मिति २०७९।६।२८ मा सम्झौता भएको पाइयो । सम्झौता अनुसार २०७९।३।२० भित्र काम सम्पन्न गरि सक्नु पर्नेमा सम्झौता अवधि सम्म काम सम्पन्न भएको पाइएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छनः
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय निकायले योजना वनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, लागत कम लाग्ने, महिला,बालबालिका, तथा पिछ्डिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने भनी व्यवस्था गरेको छ । पालिकाले वडा नं ८ मा भ्यूटावर निर्माण गर्न भनी गत वर्ष डिपिआर गराई ठेक्का व्यवस्थापनको प्रकृया अगाडी वढाएकोमा यस वर्ष निर्माण कार्यको सम्झौता भएको पाइयो । यस वर्षको वजेटमा भ्यू टावर निर्माण निरन्तरता शीर्षकमा रु ५० लाख विनियोजन गरकोमा रु ८९५४००। खर्च भएको पाईयो । लेखापरीक्षणका क्रममा स्थलगत अवलोकन गर्दा जग सम्मको काम भएको तथा निर्माण कार्य अवरुद् रहेको पाइयो । एकातिर योजना छनोट गर्दा लाभ लागतको विश्लेषण नगरी छनोट गरिने एवं छनोट भएको योजना पनि समयमा सम्पन्न नहुने गरी ठेक्का व्यवस्थापन गरको कारण निर्माण कार्य अलपत्र परी श्रोत र साधन दुरुपयोग हुने अवस्था देखिन्छ । | |
| ५२.२ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२क मा खरिद सम्झौता पश्चात अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने र यस्तो पेश्की दिदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र बांकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था छ । भौ नं ३।२०७८।६।२४ बाट सम्झौता पश्चात दश प्रतिशत भन्दा वढी हुने गरी रु ७४५४००। पेश्की दिएको एवं उक्त पेश्कीको बैक जमानत मिति मा समाप्त भएकोमा म्याद थप समेत भएको पाइएन । बैक जमानतको म्याद थप गरेको प्रमाण पेश हुनु पर्ने रु | ७४५,४०० |
| ५३ | | | **विधुत पोल तथा ट्रान्सफर्मर खरिद**<br><br>विधुतीकरण कार्यक्रम अन्तर्गत यस वर्ष विभिन्न वडाहरुमा विधुत पोल तार तथा ट्रासफर्मर खरिद तथा जडानका लागि वजेट व्यवस्था र खर्चको अवस्था निम्नानुसार रहेको पाईयोः | |

| वडा नं | विवरण | वजेट | खर्च |
|---|---|---|---|
| १ | विधुत पोल तथा तार खरिद।मरर्मत | ९०००००। | १६७६२१। |
| २ | विधुत पोल भोल्टेज तथा ट्रान्सफर्मर खरिद | ७५००००। | ६६०५७२।४२ |
| ३ | विधुत पोल खरिद लाईन सुधार तथा ट्रान्सफर्मर खरिद | ११९००००। | ७३८०७२।४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>पोल खरिद तथा भोल्टेज सुधार</td><td>१०००००।</td><td>९७२१७।</td></tr>
<tr><td>५</td><td>विधुत पोल ट्रान्सफर्मर तथा भोल्टेज सुधार</td><td>९०००००।</td><td>७११३२१।४२</td></tr>
<tr><td>७</td><td>विधुत पोल खरिद</td><td>२०००००।</td><td>२०००००।</td></tr>
<tr><td>८</td><td>विधुत ट्रान्सफर्मर खरिद</td><td>६०००००।</td><td>६०००००।</td></tr>
<tr><td>९</td><td>विधुत पोल खरिद</td><td>४०००००।</td><td>३९३२४०।</td></tr>
<tr><td>१०</td><td>विधुत पोल खरिद</td><td>२५००००।</td><td>२४०११२।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२९००००।</td><td>३८०८१५६।२६</td></tr>
</table>
उपर्युक्तानुसारको वजेट र खर्च गर्दा पालिकाले पटक पटक विधुत पोल र ट्रान्सफर्मर कोटेशन एवं ठेक्का मार्फत खरिद गरको र जडानको कार्य एस आर निर्माण सेवा मार्फत ठेक्का वाट गराएको पाइयो । यस सम्वन्धा देखिएका व्यहोराहरु यस प्रकार छनः</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>पालिकाले यस वर्ष विधुतिकरण कार्यक्रमका लागि रु ३८०८१५६। खर्च गरेको छ । नेपाल विधुत प्राधिकरण नेपाल सरकारको स्वामीत्वमा रहेको संस्था भएको र विधुत उपभोग गरे बापत नागरिकले विधुत प्राधिकरणलाई महसुल भुक्तानी गर्ने भएकोले यो कार्य विधुत प्राधिकरणबाटै हनुपर्नेमा स्थानीय विकास निर्माणका लागि प्राप्त रकमबाट खर्च गरेको औचित्यपूर्ण देखिएन ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>ट्रान्सफर्रमर तर्फ यस वर्ष ५० के भि ए का ५ थान र १०० केभिएका २ थान गरी ७ थान ट्रान्सफर्मर खरिद गरिएकोमा पालिकाको पाम्स प्रणालीले ६ थान जडान भई एक थान मौज्दात रहेको देखाउछ । उक्त एक थान ट्रान्सफर्मर पालिकाको हातामा नै रहेको पाईयो । मौज्दातमा रहेको उक्त १ थान ट्रान्सफर्मर प्रति गोटा रु ७१३४६५। का दरले जडान सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु</td><td>७१३,४६५</td></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>विधुत पोल तर्फ यस वर्ष ९ मिटर लामो १२२ थान पटक पटक कोटेशन मार्फत खरिद गरेको पाईयो । खरिद गरिएका सवै पोलहरु सम्वन्धित वडा कार्यालयहरुलाई बुझाएको पाईयो । जडानको कार्य एस आर निर्माण सेवा मार्फत गराएकोमा ७८ थान पोलहरु जडानमा प्रयोग भएको तर ति मध्ये १८ थान पोलहरु सोही ठेक्कामा खरिद गरिएका घटाउदा पालिकावाट खरिद गरि मौज्दातमा रहेका ६० थान प्रयोग भएको पाइयो । आवस्यकताका आधारमा खरिद कार्य गर्नु पर्नेमा वजेटमा व्यवस्था भएका आधारमा खरिद गरेको कारण आवश्यकता भन्दा ६२ थान पोल वढी खरिद भएको पाइयो । साथै वडाहरुले आम्दानी देखाएको र प्रयोग नभई बांकी रहेका</td><td>४९९,५२८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मौज्दातको अवस्था देखिने प्रमाण पेश नगर्ने गरको कारण पोलहरु सुरक्षित साथ मौज्दातमा रहेका छन भनी एकिन गर्न सकिएन । भुक्तानीका प्रमाणहरु अनुसार ति पोलहरु प्रति गोटा रु ८०५७। मा खरिद गरेको देखिन्छ । यसर्थ प्रयोग नभई बांकी रहेका ति पोलहरुको अवस्था एवं जडान भएको भएमा जडान भएको प्रमाण पेश हुनु पर्ने रु | |
| ५३.४ | | | ९ मिटर पिएससी पोलको कैलाली जिल्ला दर रेट रु ७०००। निर्धारण गरिएको छ । एस आर निर्माण सेवालाई विधुतकीकरणको जडान कार्य लगाएकोमा उक्त पोलको खरिद दर रु ७५३९।२० भुक्तानी गर्ने सम्झौता भएको छ । उक्त दरमा ढुवानी समेत समावेश भएको देखिन्छ । तर १८ वटा पोल कार्यालयवाट साइट सम्म ढुवानी भनी प्रति पोल रु ७९३।६० थप भुक्तानी दिएको देखियो । ढुवानी समेतमा सम्झौता गरेको अवस्थमा पुनः मुअ कर समेत रु १६१४२। भुक्तानी दिएको थप व्ययभार हुने गरी सम्झौता गरी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु | १६,१४२ |
| ५४ | | | **मझगाँउ विमानस्थललाई अनुदान**<br><br>नेपाल नगरिक उड्डयन प्राधिकरण र यस नगरपालिका विचमा मझगाँउमा निर्माण हुन लागेको विमानस्थल निर्माण लागतको १० प्रतिशत योगदान यस पालिकाले गर्ने गरी २०७७।११।३ सम्झौतामा भएको पाइयो । सोही सम्झौता वमोजिम पालिकावाट गत वर्ष नै रु ५० ला प्राधिकरणलाई दिइएकोमा यस वर्ष थप रु ५२ लाख ६० हजार पठाएको पाइयो। प्राधिकरणको मिति २०७८।५।१३ को पत्रानुसार उक्त विमानस्थल निर्माणको लागत अनुमान रु ५१ करोड ५० लाख २३ हजार कायम गरी टेण्डर आव्हान गरिएको व्यहोरा उल्लेख छ । सोही लागत अनुमानको १० प्रतिशतले हुने रकम पालिका संग माग गरिएको छ ।पालिकावाट व्यहोरिने अंश विमानस्थल निर्माणको कार्यमा प्रगति भए पछि वा निर्माण सम्पन्न हुने सुनिश्चित भए पश्चात मात्र रकम उपलव्ध गराउनु पर्दछ । | |
| ५५ | ९६ | २०७८-६-२५ | **मोटर साइकल खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामान खरिद गर्दा लागत अनुमान तयार गरेर मात्र सामाग्री खरिद गर्नुपर्दछ । त्यस्तै लागत अनुमान तयार गर्दा सामाग्रीको स्पेशिफिकेशन खुल्ने लगरी लागत अनुमान तयार गर्ने र सोही अनुसार अधिकतम प्रतिस्पर्धा हुने गरी खरिद विधि अपनाइ खरिद कार्य सञ्चालन गर्नुपर्दछ । पालिकाले वडा कार्यालय व्यवस्थापन शिर्षकबाट रु.११०२००।० र विविध खर्च शिर्षकबाट रु.११०२००।० समेत रु.२२०४००.० बजेटबाट साइन १२५ सि.सि. वाईक खरिद | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी डि आर ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी गरेको छ । तर वाइक खरिद गर्दा स्पेशिफिकेशन खुल्ने गरी लागत अनुमान तयार नगरी सोझै खरिद गर्नु उचित होइन । पूँजीगत शिर्षकमा बाजेट विनियोजन नगरी अन्य शीर्षकबाट खर्च गर्नु उचित होइन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>नगरपालिका कृषि पूँजीगत<br><br>कृषि।पशु विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ विधमान रहेको अवस्थामा कृषि तथा पशुपालन पेशालाई मर्यादित र व्यवसथित गर्न निर्वाहमुखी खेती र पशुपालन प्रणालीलाई व्यवसायिक बनाउन र एकिकृत रुपमा पुँजी र प्रक्रिया प्रवाह गरी विपन्न कृषकहरुलाई कृषि र पशुपालन क्षेत्रमा आकर्षित गरी स्वरोजगार प्रर्वधन मार्फत ग्रामिण एवं कृषि क्षेत्रवाट युवा पलायनलाई न्यूनिकरण गर्दै मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुर्याउने उद्देश्यले नगर उप प्रमुख कृषि तथा पशु प्रर्वधन कार्यक्रम सञ्चालन निर्देशिका २०७८ कार्यपालिका वाट २०७८।९।१९ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको पाईयो । सोही वमोजिम कृषकहरुका लागि साना सिंचाई योजना र बाखा पालन कार्यक्रमका लागि निम्नानुसार कृषकको बैक खातामा रकम जम्मा गरी खर्च गरेको पाईयो ।
<table>
<tr><th>भौ नं र मिति</th><th>रकम</th><th>विवरण</th></tr>
<tr><td>२।२०७८।१२।३०</td><td>८०००००।</td><td>वडा कार्यालयवाट छनोट गरी आएका ४० कृषकहरुलाई बाखापालनका लागि भनी जनही रु २००००। का दरले बैक खातामा जम्मा गरिदिएको ।</td></tr>
<tr><td>४।२०७९।३।२४</td><td>१४८४०००।</td><td>सिंचाई नपुगेका कृषकहरुका लागि साना सिंचाई जडान कार्यक्रम अन्तर्गत बोर वितरण गर्न २०७८।१०।५ मा सुचना प्रकाशन गरी प्राप्त आवेदनका आधारमा लाभग्राही छनोट गरी सात जना कृषकलाई रु २२०००। का दरले मोटर, तीन जना कृषकलाई रु ३००००। दरले पाईप र २० जना कृषकहरुलाई रु ६२०००। दरले सिंचाई सेटको रकम वितरण गरेको ।</td></tr>
<tr><td>जम्मा</td><td>२२८४०००।</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>क) बाख्रापालन अनुदानः निर्देशिकाको परिच्छेद २ मा कार्यक्रम संचालनका लागि कृषि । पशु विकास शाखावाट सवै वडा कार्यालयहरुलाई कृषक छनोटका लागि १ महिनाको अवधिको पत्राचार गरी कृषक छनोट गरि दिन अनुरोध गर्ने र वडा वाट छनौट भई आएका कृषकहरु मध्ये लाभग्राही कृषक छनौट गरिने उल्लेख छ । पालिकाले अनुदान प्राप्त गर्ने लाभग्राहीको छनोटका निश्चित सुचाककंक निर्धारण गरी सवै भन्दा योग्य लाभाग्राही छनोट गर्ने मापदण्ड वनाएको छैन । छनोट गर्दा के कुन मापदण्डका आधारमा छनोट गरेको हो भन्ने अभिलेख पेश गरेको छैन । साथै अनुदान वितरण पश्चात अनुदान तोकिए वमोजिम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गरी मूल्याकन प्रतिवेदनको अभिलेख नराखेको कारण अनुदान वास्तविक कृषकहरुले नै पाएको र बाख्रापालन व्यवसायमा लगानी गरी कृषक लाभान्वित भएको र कार्यक्रममा दिगोपनाका सम्वन्धमा एकिन हुन सकिएन ।<br>ख) बोर सिंचाईः संघीय एवं प्रदेश सरकार र नगरपालिका पूँजीगत तर्फ साना सिंचाई कार्यक्रमहरु संचालन भई रहेको अवस्थामा छुट्टै निर्देशिका वनाई सोही प्रयोजनका लागि भनी पम्प सेट पाईप तथा फिटिङ्गका सामनको लागत अनुमान वनाई सो वरावरको रकम लाभग्राहीको बैक खातामा निकासा गरेको पाईयो । प्रदेश सरकार पूँजीगत र नगरपालिका पूँजीगत अन्तर्गत बोरिङ्गको कार्यक्रम संचालन भई रहेको अवस्थामा पुनः त्यस्तै कार्यक्रमका लागि छुट्टै निर्देशिका वनाएर कार्य्रक्रम संचालन गर्नाले दोहोरो हुन सक्ने देखिन्छ । अन्य कार्यक्रमवाट त्यस्तो सेवा प्राप्त नगरेका वास्तविक लाभग्राही मात्र छनौट गरिएको एवं अनुदानको सही र समुचित प्रयोग भएको भनि एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>रोयल्टी भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ वमोजिम गर्नु पर्ने र सो भित्र निर्माण सामाग्रीको खर्चमा रोयल्टि लाग्ने भएमा सो समेत समावेश हुनु पर्दछ । तर पालिकाले उपभोक्ता समिति मार्फत गराएका निम्न निर्माण कार्यको लागत अनुमानमा रोयल्टी नलाग्ने माटोको काममा रोयल्टी समावेश गरी निम्नानुसार भुक्तानी दिएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नु पर्ने रु
<table>
<tr><th>भौ नं र मिति</th><th>कामको विवरण</th><th>सम्पन्न भएको कामको परिमाण</th><th>रोयल्टी दर रु</th><th>भुक्तानी रकम रु</th></tr>
</table></td><td>८१,३९७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२७३।२०७९।३।२४</td><td>भैरव थान देखि पतरनाला तर्फ जाने वाटो खोल्ने र ग्राभेल गर्ने कार्य</td><td>७७९।७५</td><td>७५।</td><td>५८४८१।</td></tr>
<tr><td>२७४।२०७९।३।२४</td><td>वडा नं ६ का विभिन्न स्थानमा वाटो खोल्ने र ग्राभेल गर्ने कार्य</td><td>३०५।५५</td><td>७५।</td><td>२२९१६।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८१४०५।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>नगर प्रमुख तथा उप प्रमुख विपन्न आवास कार्यक्रमः<br><br>नगरपालिका क्षेत्र भित्र रहेका विपन्न वर्गहरुलाई आवासको प्रवन्ध गर्न विपन्न आवास सहयोग कार्यक्रम संचालन कार्यविधि २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । कार्यविधिको परिच्छेद २ मा एक कठ्ठा वा सो भन्दा कम जग्गा आफ्नो स्वामित्वमा भएको वा दर्ता जग्गा नाममा नभएको तर फिल्ड वुक कायम भएको जग्गामा वसोवास गरेको, आफ्नो स्वामित्वमा तीन कठ्ठा वा सो भन्दा कम जग्गा भएको तर आयश्रोत केही नभएको घर पनि नभएको, आफ्नो वा परिवारका कुनै पनि सदस्यको स्वामित्वमा जग्गा नभएको, आफ्नो स्वामित्वमा तीन कठ्ठा वा सो भन्दा कम जग्गा भएको तर आयश्रोत केही नभएको र घर पनि नभएको वा जग्गा नै नभएको एकल महिला, अपाङ्गता भएको व्यक्ति, दलित, जनजाती प्राथमिकता प्राप्त लक्षित वर्ग लाभग्राही हुने व्यवस्था छ । साथै परिच्छेद ३ मा विपन्न वर्ग छनोट गर्ने प्रकृयाको व्यवस्था गरको छ । यस वर्ष उक्त कार्यक्रमका लागि नगर प्रमुख अन्तर्गत रु ३००००००० । वजेट विनियोजन गरी १९ लाभग्राहीका लागि रु २७१४२१७। र नगर उपप्रमुख अन्तर्गत रु ३००००००० । वजेट विनियोजन गरी १४ लाभग्राहीका लागि रु १४८६३२२। गरी जम्मा रु ४२००५३९। आवास व्यवस्थापनमा खर्च गरि भुक्तानी दिएको पाइयो । यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छनः<br><br>कः पालिकाले आवास निर्माणमा लाभग्राही छनौटको आधार पुष्टी हुने प्रमाण संलग्न गरेको छैन भने दफा ३ र ४ बमोजम वडाबाट विपन्न नागरिक सूची माग नगरी नगर प्रमुख तथा उपमुखको सिफारिसका आधारमा लाभग्राही छनोट गरी कार्यक्रम संचालन गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाईयो । निर्माण सम्पन्न भएका आवासहरु लाभाहीलाई हस्तान्तरण तथा योजनाको सार्वजिनक सुनुवाई एवं खर्चको अनुमोदन समेत नभएको हुँदा वास्तविक विपन्न नै छनोट गरिएका हुन भनी एकिन गर्न सकिएन ।<br><br>खः पालिकावाट लाभ वितरण गर्दा समान ढंगले समानुपातिक हुने गरी वितरण गरिनु पर्दछ । तर आवास निर्माणको भुक्तानी गर्दा नगर प्रमुख अन्तर्तगको कार्यक्रममा न्यूनतम रु ८८२८५।८८ र अधिकतम रु १८९७२२।०५ मा लाभग्राहीको जनसहभागिता कटाई भुक्तानी गरेको पाईयो । कुनै लाभग्राहिलाई अधिक र कुनै लाभग्राहीलाई न्यून हुने गरी असमान भुक्तानी गरेको न्यायोचित देखिएन । | |
| ५९ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ५ अनुसारको कार्यक्रम सञ्चालनको लागि मात्र प्राप्त रकम खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा आई सि टी ल्याव स्थापनाको लागि प्राप्त रकम प्रति विद्यालय रु.६५०००००।० का दरले सम्बन्धित विद्यालयको खातामा दुइ किस्तामा निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहार निम्नानुसार छन् | |
| ५९.१ | ८७ | २०७९-३-१८ | पशुपति आधारभुत विद्यालय ।CT निर्माण कार्यक्रमको लागि रु.६४८६२०।० भुक्तानी भएकोमा डिजिटल लाइव्रेरी निर्माणको लागि रु.७५०००।० भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा सम्बन्धित विद्यालयका प्रधानाध्यापकको सफ्टवेयर जडान गरेको तर उक्त सफ्टवेयर सञ्चालन गर्ने जनसक्ति नभएको कारण प्रयोगमा नआएको प्रतिक्रिया रहेको छ । जडान भएको ६ महिना सम्म पनि सञ्चालनको लागि तालिम कार्यक्रम सञ्चालन नभएको तथा शिक्षकले नै उक्त लाइव्रेरी सफ्टवेयर सञ्चालन गर्न नजानेको अवस्थामा विद्यार्थिले प्रयोग गर्ने कुरामा एकिन हुन सकिदैन । अत आवश्यकता तथा प्रयोग गर्न सक्ने जनशक्ति समेतलाई मध्यनजर गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ५९.२ | ९६ | २०७९-३-२४ | भानु मा.वि. आइ.सि.टि. निर्माण कार्यक्रमको लागि विद्यालयलाई रु.६४९१८५।० भुक्तानी भएकोमा विद्यालयले MIS Software १ थान रु.४००००।०, Education AVR System १ थान रु.३५४०००।०, All in one computer १ थान रु.८००००।०, फर्निचर व्यवस्थापनमा रु.२००००।० र नेटवर्किङ र इलेक्ट्रिकल्स १ थान रु.४००००।० खर्च गरेको उल्लेख गरेको छ । १।१ थान | ८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कम्प्युटर, प्रिन्टर र वोर्ड खरिद गरि नेटवर्किङ्ग गरेको तथा कुनै स्वीकृती/मापदण्ड वेगर सफ्टवेयर जडान गरेको भनि भुक्तानी दिनु मनासिव देखिदैन । अतः एमआईएस सफ्टवेयर र नेटवर्किङ्गमा रु.८००००।० रकम खर्च गर्न मिल्ने आधार पेश गर्नुपर्ने रु. | |
| ६० | | | **सामाजिक सुरक्षा भत्ता वितरण** | |
| ६०.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. १५,४१,२३,४९७ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-<br><br>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६०.२ | | | निष्कृय खाताको निवरण- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध गराएको छैन । पालिकाले डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ६०.३ | | | केवाइसी अपडेट- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ६१ | 739 | २०७९-३-२५ | **साइकल वितरण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले सिप विकास तालिम (दलित जनजाति अन्य) कार्यक्रमको बजेटलाई आषाढमा रकमान्तर/स्रोतान्तर गरी १०/१० थान साइकिल र साइकिल पम्प न्यू निलम साइकल स्टोरबाट रु.९९९८२.० मा खरिद गरेको छ । यसरी रकम खर्च गर्दा लागत अनुमान, खरिद प्रक्रिया, वितरण गर्ने आधार, वितरण भर्पाइ, सम्पन्न प्रतिवेदन लगाएतका खर्च पुष्ट्याई गर्ने प्रमाण संलग्न राखेको नदेखिएकोले खर्च पुष्ट्याँइका कागजात पेश गर्नुपर्ने रु.९९९८२.० | ९९,९८२ |
| ६२ | | | **पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट आ.व. २०७८/७९ मा रु. 10607500।० सुविधा वापत भुक्तानी भएको छ । जुन आन्तरिक आयको ५६.९२ प्रतिशत रहेको छ । आन्तरिक आयको दायरा वृद्धि गरी सुविधा भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ६३ | | | **मोबाइल खरिद**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले देहायबमोजिम २ थान मोबाइल खरिद गरी रु.५० हजार खर्च लेखेको छ । तर उक्त मोबाइल कुन प्रयोजनको लागि खरिद गरिएको र हाल कुन अवस्थामा छन् सो सम्बन्धमा कुनै विवरण प्राप्त भएको छैन । अत अनावश्यक रुपमा सामाग्री खरिद गर्ने परिपाटिमा नियन्त्रण गरी खर्चमा मितव्यायिता ल्याउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>आपूर्तक</th><th>मोवाइल प्रकार</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>न्यू कावेरी मोबाइल भण्डार</td><td>Redmi 10 prime</td><td>१ थान</td><td>२१०००.०</td></tr>
<tr><td>२</td><td></td><td>Redmi note 10</td><td>१ थान</td><td>२९२२५.०</td></tr>
<tr><td>३</td><td></td><td>Samsung A-32</td><td>१ थान</td><td>३२४६६.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>कम्प्युटर खरिदः<br><br>कार्यालयले आ.व.२०७८/७९ मा १२ थान कम्प्युटर,३ थान प्रिन्टर र १ थान प्रोजेक्टर खरिद बापत रु. ९,९०,१५८.०० भुक्तानी गरेको पाइयो ।जस अनुसार निम्न व्यहोरा रहेका छन ।</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>स्पेशिफिकेशन नभएकोः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ ले मालसामानको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ ।कार्यालयले कार्यालय सामाग्री खरिद कार्यको बिना स्पेशिफिकेशन १२ थान कम्प्युटर,३ थान प्रिन्टर र १ थान प्रोजेक्टर खरिद बापत रु. ९,९०,१५८.०० भुक्तानी गरेको पाइयो । पालिकाले खरिद कार्य गर्दा स्पेशिफिकेशन तयार गरी मितव्ययी ढंगले खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.२</td><td></td><td></td><td>दाखिला नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्ने व्यवस्था छ ।कार्यालयले १२ थान कम्प्युटर,३ थान प्रिन्टर र १ थान प्रोजेक्टर खरिद बापत रु. ९,९०,१५८.०० भुक्तानी गरेको पाइयो ।यसरी खरिद गरिएका १६ थान सामाग्रीको जिन्सी दाखिला नगरेको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९९०,१५८</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>लघु उद्यम कार्यक्रम संचालनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५.१ | | | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।कार्यायिले आ.व. २०७८/७९ मा गुडिया बनाउने,बाखा पालन लगायत बेमौसमि तरकारी खेती संबन्धि तालिम ८५ जनालाई प्रदान गरी रु.५,९४,६००.०० खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ ध्यान दिनुपर्दछ । | |
| ६५.२ | | | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची ३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु.१९,९८,६००.०० खर्च भएको पाईयो ।कार्यालयले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिक रुपमा मात्र रही कार्यक्रम संचालन गरेको पाईयो ।अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न ध्यान दिनुपर्दछ । | |
| ६६ | | | **प्रकोप व्यबस्थापन-**<br><br>प्रकोप व्यवस्थापन कोषमा जम्मा रु. ६२,३३,३७२ रहेकोमा यस आवमा रु. ५२२५४७९ खर्च भई रु. १००८९६ मौज्दात बाँकी रहेको छ । पालिकाले आर्थिक सहायता ऐनको निर्माण गरेर सोहि अनुसार आर्थिक सहायता गर्नपर्नेमा ऐन नबनेको देखियो । यसरी बिना ऐन तथा कार्यविधि नै आर्थिक सहायता वितरण गर्दा वास्तविक पिडीतले सहयोग नपाउने जोखिम रहिरहन्छ । पालिकाले तोक आदेश अनुसार आर्थिक सहायता दिएको पाईयो । यथाशिघ्र ऐन तथा कार्यविधि निर्माण गरी उप्त कार्य व्यवस्थित बनाउनु पर्दछ । | |
| ६७ | | | **बिल भन्दा बढी भुक्तानी-** | ८,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिल भन्दा बढी भुक्तानी- ५/२०७८/०८/२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ को उपदफा १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र आवश्यक कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्नेमा पालिकाले आरम्भ ट्रेडर्सलाई औषधि खरिद बापत रु. ११७९०० को बिल पेस गरी रु. १२६००० भुक्तानी गरेको देखिन्छ । अतः बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ६८ | | | **नर्म्सको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग गरेर लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले पालिका भित्र निर्माण हुने कालोपत्र निर्माण कार्यको लागि सडक विभागबाट स्वीकृत नर्म्स अनुसार प्राइम कोट र ट्याग कोटको लागि नर्म्स अनुसार दर विश्लेषण गर्ने र प्राइप कोटको कार्यलाई १ वर्ग मिटरको १ लिटर विटुमिन कार्य र ट्याग कोटको लागि १ वर्ग मिटर कार्यको लागि ०.६ लिटर विटुमिन लाग्ने उल्लेख गरी विटुमिन कार्यको इकाई लिटरमा लागत अनुमान तयार नगरी दरविश्लेषणबाट प्राप्त लिटर दरलाई वर्ग मिटर कार्यमा परिणत गरी लागत अनुमान तयार गर्ने गरेको छ । जसबाट पालिकाले नापी किताब तयार गर्दा पनि विटुमिनको कार्य वर्ग मिटरमा लिने र उक्त क्षेत्रमा सोही अनुसारको परिमाणमा विटुमिन राखे नराखेको सम्बन्धमा एकिन नगरी वर्ग मिटर अनुसार रकम भुक्तानी गर्ने गरेको देखिन्छ । निर्माण व्यवसायीले तोकीएको परिमाण भन्दा कम मात्रामा विटुमिन प्रयोग गरे पनि वर्ग मिटरमा नापी गर्दा सोही अनुसारको रकम भुक्तानी हुने देखिन्छ । अत नर्म्समा तोकीएको इकाइमा नै लागत अनुमान तयार गरी कार्य गर्नुपर्दछ । | |
| ६९ | | | **नविकरणिय उर्जा प्रविधिजडान कार्यक्रम**<br><br>पालिकाले नविकरणिय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा २८ वायोग्यास निर्माणको लागि रु.६९८२७५।० खर्च गरेको छ । प्राप्त रकमलाई वडागत रुपमा विभाजन गरि कार्य गरेको उल्लेख गरी वडाको सिफारिसको आधारमा रकम भुक्तानी भएकोमा प्राप्त रकम तोकीएबमोजिम नै खर्च भएकोमा एकिन हुन सकिदैन । साथै लाभग्राही छनौटको आधार स्पष्ट नगरी वडा सिफारिसको आधारमा मात्र आवश्यक लाभग्राहिले नै रकम प्राप्त गरेकोमा एकिन हुन सकिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवासकार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार हालसम्म देहायबमोजिम रकम निकासा गरेको विवरण उपलब्ध गराएको छ । प्राप्त विवरण अनुसार हालसम्म २५४ जना लाभग्राहीले प्रथम किस्ता वापत रु.७११६०००।० भुक्तानी लिएकोमा ८७ जनाले मात्र दोस्रो किस्ता भुक्तानी लिएको देखिन्छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । अतः सम्बन्धित लाभग्राहीलाई समयमा कार्य सम्पन्न गराई खर्चको उपयोगिता सम्बन्धमा अनुगमन गर्ते तथा तोकीए बमोजिमको कार्य नगर्ने लाभग्राहीबाट रकम फिर्ता गर्नुपर्दछ । | |
| ७१ | | | **नाफामूलक संस्थालाई अनुदान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा ३ मा योजना वनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, स्थानीयहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैंगिक समानता र समावेशीकरण अभिबृदि हुने, महिला,बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै उपर्युक्त विषयहरुमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाहरुका लागि कार्यालय व्यवस्थापन देखि भवन निर्माण सम्मका कामका लागि वजेटमा नै व्यवस्था गरी खर्च गरेको पाइयो । यसबाट स्थानीय सरकारको मर्म वमोजिम स्थानीय वासिन्दाको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने तर्फ वजेट विनियोजन भई खर्च भएको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं र मिति</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>९०।२०७८।११।१२</td><td>आस्था सहकारी संस्था</td><td>संस्थाको भवन निर्माण</td><td>४३०९५७।</td></tr>
<tr><td>९१।२०७८।११।१२</td><td>साना किसान सहकारी संस्था</td><td>कम्प्युटर खरिद</td><td>६००००।</td></tr>
<tr><td>९४।२०७८।११।२२</td><td>नेपाल रेडक्रस सोसाईटी चाँदनी उपशाखा</td><td>२ कोठे आयआर्जन भवन</td><td>३४६८६५।</td></tr>
<tr><td>१३२।२०७८।१२।२०</td><td>वसन्ती रोकाय</td><td>मत्स्य पालन अनुदान</td><td>१०००००।</td></tr>
<tr><td>६१।२०७८।१०।२३</td><td>सृजना वचत तथा सहकारी संस्था लि</td><td>डेक्सटप कम्प्युटर खरिद</td><td>७००००।</td></tr>
<tr><td>१३४।२०७८।१२।३१</td><td>सृजना वचत तथा सहकारी संस्था लि</td><td>सेफ खरिद</td><td>९८३१०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११०६१३२।</td></tr>
</table>
यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>सडक वत्ती</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा पालिका भित्रको सम्पतिको संरक्षण गर्ने दायित्व सम्वन्धित पालिकाको हुने व्यवसथा छ ।कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका र खरिद गरी प्राप्त हुन आएको सम्पतिको मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितवमा आम्दानी वांधी लगत अधावधिक गर्नु गराउनु पर्ने र ति सम्पतिहरुको संरक्षण रेखदेख र नियमित मर्मत सम्भार गर्नु पर्दछ । पालिकाले गत विगत देखि नै सडक सौर्य वत्तीमा वजेट विनियोजन गरी खर्च गर्दै आएकोमा यस वर्ष देहायका वडाहरुमा निम्नानुसार खर्च गरेको पाईयोः
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>वडा नं</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सडक सौर्य वत्ती जडान</td><td>१</td><td>५०००००।</td><td>मूल्य समेत खुलाई आम्दानी नवांधेको</td></tr>
<tr><td>२</td><td>वडा भित्रका सडक चौराहरुमा सौर्य वत्ती जडान</td><td>२</td><td>१४०००००।</td><td>मूल्य समेत खुलाई आम्दानी नवांधेको</td></tr>
<tr><td>३</td><td>सडक सौर्य वत्ती</td><td>५</td><td>७९७७५५।</td><td>मूल्य समेत खुलाई आम्दानी नवांधेको</td></tr>
<tr><td>४</td><td>सडक वत्तीको व्यवस्था</td><td>६</td><td>४४४९१७।</td><td>मूल्य समेत खुलाई आम्दानी नवांधेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३१४२६७२।</td><td></td></tr>
</table>
पालिकाले खरिद गरी जडान गरिएका सौर्य वत्तीहरु जडान भएको स्थान समेत खुल्ने गरी जिन्सीमा आम्दान वांधी वत्तीको संरक्षणका लागि रेखदेख र मर्मत संभारको उचित व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td>९१</td><td>२०७८-११-१२</td><td>मोवाईल वितरण</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले यो वर्ष वडा नं ४ का महिला स्वयं सेविकाहरुलाई मोवाईल सेट वितरण गर्नै प्रयोजनका लागि वजेटमा मा नै व्यवस्था गरी ८ जना महिला स्वयं सेविकाहरुलाई रु १००००० । मुल्य वरावरका ८ थान मोवाईल सेट खरिद गरी वितरण गरको पाईयो । पालिकाले अत्यावश्यक हो होईन भन्ने पहिचान वेगर निश्चित मापदण्ड नवनाई वडाले माग गरेको आधारमा मोवाईल खरिद गरी वितरण गरको खर्च नियमित नदेखिएको रु | |
| ७४ | | | **मु अ कर वढी भुक्तानी**<br><br>मु अ कर ऐन २०५२ अनुसार सडक सौर्य वत्तीमा प्रयोग हुने सोलार प्यानल र वल्वमा मु अ कर नलाग्ने व्यवस्था छ। पालिकवाट भएको निम्नानुसारको खरिद गर्दा ति सामानहरुमा समेत मु अ कर भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | ६८,७७० |

| **भौ नं र मिति** | **जम्मा विजक रकम** | **कर छुटको खरिद** | **कर छुटको खरिदमा मु अ कर** |
|---|---|---|---|
| १५०।२०७९।१।१६ | ४१४०००। | ९२०००। | ११९६०। |
| १५१।२०७९।१।१६ | १२४२०००। | २७६०००। | ३५८८०। |
| १५२।२०७९।१।१६ | ७२४५००। | १६१०००। | २०९३०। |
| | | **जम्मा** | **६८७७०।** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | १८ | २०७८-९-५ | **सवारी जरिवानाः**<br><br>कार्यालयले बा.२.ब. ५५४६ नम्बर मोटरसाईकलको जरिवाना वापत यातायात व्यवस्था कार्यालय,काठमाण्डौंलाई रु.१७,३६०.०० भुक्तानी गरेको पाईयो।सार्वजनिक सम्पत्तिको समयमै नविकरण नगरी सार्वजनिक श्रोतको उच्चतम सदुपयोग र मितव्ययिता कायम नगरेकोले यस्ता खर्च गर्दा कार्यालयले विषेश ध्यान पुर्‍याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **अनुगमन तथा सम्परीक्षण** | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत वर्षसम्मको बाँकी बेरुजू(C=A-B) |
|---|---|---|
| २१४३१९ | ११४२ | २१३१७७ |

यस वर्ष पालिकाको लेखापरीक्षणको क्रममा देहायबमोजिमको बेरुजु सम्परीक्षण भएको छ । आर्थिक वर्ष २०७७।७८ को सम्परीक्षण NAMS मार्फत गरिने हुँदा त्यसको जानकारी पनि NAMS मार्फत नै गराइउने छ ।

| क.सं. | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | फस्यौंट विवरण | सम्परिक्षण आधार | रकम |
|---|---|---|---|---|---|---|
| १ | २०७५।७६ | १०५ | अनुगमन भत्ता असुल गर्नुपर्ने | आनन्द प्रसाद भट्टको अनुगमन भत्ता रु.८५०.० असुल दाखिला भएको । | असुली | ८५०.० |
| २ | २०७५।७६ | ९६ | अनुगमन भत्ता असुल गर्नुपर्ने | हरिदत्त जोशीको अनुगमन भत्ता रु.४२५०.० असुल दाखिला भएको । | असुली | ४२५०.० |
| ३ | २०७५।७६ | १०४ | अनुगमन भत्ता असुल गर्नुपर्ने | हरिदत्त जोशीको अनुगमन भत्ता रु.७६५०.० असुल दाखिला भएको । | असुली | ७६५०.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २०७५।७६ | ९७ | बढी ग्रेड भुक्तानी रकम असुल गर्नुपर्ने | नन्दराज भट्टको बढी ग्रेड भुक्तानी रकम रु.३२४५.० असुल दाखिला भएको । | असुली | ३२४५.० |
| ५ | २०७५।७६ | ९७ | बढी ग्रेड भुक्तानी रकम असुल गर्नुपर्ने | कमलापति भट्टको बढी ग्रेड भुक्तानी रकम रु.६६९९.० असुल दाखिला भएको । | असुली | ६६९९.० |
| ६ | २०७५।७६ | ९७ | बढी ग्रेड भुक्तानी रकम असुल गर्नुपर्ने | डम्मरा कुमारी पन्तको बढी ग्रेड भुक्तानी रकम रु.१३७४.० असुल दाखिला भएको । | असुली | १३७४.० |
| ७ | २०७४।७५ | ४१ | प्रशिक्षण भत्ता असुल गर्नुपर्ने | भानदेब भट्टको प्रशिक्षण भत्ता रु.२७२०.० असुल दाखिला भएको । | असुली | २७२०.० |
| ८ | २०७४।७५ | ४१ | प्रशिक्षण भत्ता असुल गर्नुपर्ने | रघुनाथ भट्टको प्रशिक्षण भत्ता रु.१३६०.० असुल दाखिला भएको । | असुली | १३६०.० |
| ९ | २०७४।७५ | ४१ | प्रशिक्षण भत्ता असुल गर्नुपर्ने | आनन्द प्रसाद भट्टको प्रशिक्षण भत्ता रु.२७२०.० असुल दाखिला भएको । | असुली | २७२०.० |
| १० | २०७४।७५ | ४२ | बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने | रघुनाथ भट्टलाई बढी भुक्तानी रकम रु.२०००.० असुल दाखिला भएको । | असुली | २०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | २०७४।७५ | ४४ | बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने | रघुनाथ भट्टलाई बढी भुक्तानी रकम रु.२०००.० असुल दाखिला भएको । | असुली | १७००.० |
| १२ | २०७४।७५ | ४२ | बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने | सुर्जकला रोकायालाई बढी भुक्तानी रकम रु.५०००.० असुल दाखिला भएको । | असुली | ५०००.० |
| १३ | २०७५।७६ | ५६ | उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने | भानु बहुमुखि क्याम्पसको भवन निर्माण उ.स.को बढी भुक्तानी रकम रु.२७९९८२.५८ असुल दाखिला भएको । | असुली | २७९९८२.५८ |
| १४ | २०७५।७६ | ७७ | सामान दाखिला र वितरण भर्पाइ पेश गर्नुपर्ने | कार्यालयबाट वितरण भर्पाइ पेश भएको | प्रमाण | १४७०५०.० |
| १५ | २०७५।७६ | ८० | अग्रीम आयकर कम कट्टी गरेकोले नपुग कर दाखिला गर्नुपर्ने | राष्ट्रप्रेमी नागरिक समाजको नपुग कर रकम रु.५१८६.० असुल दाखिला भएको । | असुली | ५१८६.० |
| १६ | २०७५।७६ | १०५.११ | नपाउने अनुगमन भत्ता भुक्तानी भएकोले असुल गर्नुपर्ने | रो.स. श्री खुश्बु के.सी.को अनुगमन भत्ता रकम रु.४२५०।० असुल दाखिला भएको । | असुली | ४२५०.० |
| १७ | २०७५।७६ | ४८ | नपाउने स्वकीय सचिव नियुक्त भएकोले उक्त रकम खर्च लेख्रे | कार्यविधि निर्माण गरी सेवा सुविधा भुक्तानी भएको प्रमाण र कार्यपालिकाको निर्णयको पेश भएको । | प्रमाण | ६६६३४२.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>अधिकारीबाट असुल गर्नुपर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>११४२३७८.६</td></tr>
</table>
</td><td></td></tr>
</table>